मिति २०८२ कार्तिक २७ गतेको ६४ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : मन्त्रालय एवं अन्य निकायहरुबाट प्राप्त पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ४ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ५ : 'घ' वर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : आ.व. २०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ८ : लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गतका कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ९ : स्वास्थ्य संस्थामा कर्मचारी व्यवस्थापनका लागि संक्षिप्त संगठन तथा व्यवस्थापन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १० : बालबालिकाहरुको अपाङ्गता सम्बन्धी प्रारम्भिक पहिचान सम्बन्धमा ।

प्रस्ताव नं. ११ : ढुङ्गा, गिटी, बालुवाको बिक्री बोलपत्र सूचना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १२ : अधिकारी फेन्सी स्टोरलाई आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. १३ : भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : लघु उद्यम विकास कार्यक्रम संचालनका लागि वडा छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १५: राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट एवं बजेट विनियोजन सम्बन्धमा

प्रस्ताव नं. १६ : कार्यक्रम संचालनका लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. १७ : टावर व्यवस्थापन एवं संचार नेटवर्कको सुचारुका लागि पत्राचार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १८ : सडक निर्माणको क्रममा सवारी साधनमा भएको अवरोध हटाउने सम्बन्धमा ।

प्रस्ताव नं. १९ : नगरपालिकाबाट निर्माण गरिएका ऐन, क़ानून एवं कार्यविधिलाई एकिकृत गरी आगामी नगर सभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २० : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. ६४.१ : नगर कार्यपालिकाको मिति २०८२/०६/३० गतेको ६३ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.२ : अख्तियार दुरुपयोग अनुसन्धान अनुसन्धान आयोगको च.नं. १७२८४ मिति २०८२/०७/२० को वार्षिक प्रतिवेदनको क्यू.आर. कोड सम्बन्धको जानकारीका साथै उक्त आयोगमा परेको उजुरीको सम्बन्धमा, प्रदेश लेखा नियन्त्रक कार्यालयको च.नं. ३०२ मिति २०८२/०७/१७ को मनोरञ्जन कर, विज्ञापन कर र दहत्तर बहत्तर शुलक प्रदेश सञ्चित कोषमा जम्मा गर्ने सम्बन्धमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९५ मिति २०८२/०७/२१ , सोही मन्त्रालयको च.नं. ९६ मिति २०८२/०७/२१ को पत्रबाट स्वीकृत दरबन्दी बाहेकमा अस्थायी र करार कर्मचारीहरुलाई निरन्तरता दिएको एवं दरबन्दी बिना स्वायंसेवक, शिक्षक, सहजकर्ता, कम्प्युटर अपरेटर, सामाजिक परिचालक नियुक्त गरिएको भन्ने समेतको उजुरीको सम्बन्धमा आवश्यक कार्यार्थका लागि लेखी आएको हुँदा उक्त उजुरीको सम्बन्धमा यस कार्यापालिका बैठकमा जानकारी गराइयो । उक्त पत्रको सम्बन्धमा यस नगरपालिकाले स्वीकृत दरबन्दी र स्थानीय कानून भन्दा बाहेक कुनै पनि कर्मचारी नियुक्त नगरेको र नगरपालिकाको शिक्षाको गुणस्तर र सेवा प्रवाहमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयमा कार्यरत करार सेवाका शिक्षकहरुलाई नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिएको हुँदा निजहरुलाई नहटाइएको व्यहोरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ६४.३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.४ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ २०.०४ प्रतिशत र पूँजीगत तर्फ ५.१६ प्रतिशत गरी समग्रमा १३ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

निर्णय नं. ६४.५ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजतका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेका देहाय बमोजिमका निर्माण व्यवसायहरुलाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ को उपदफा (४) बमोजिम ईजाजत प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | आर.आर.ए.श्रेष्ठ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ईन्द्रलाल श्रेष्ठ | मेलम्ची न.पा. ७ |
| २ | लाबगाउँ बि.डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | बिक्रम तामाङ | मेलम्ची न.पा. ८ |

निर्णय नं. ६४.६ : फोहोरमैला व्यवस्थापन कार्यदलका संयोजक एवं नगर प्रमुख श्री आइतमान तामाङज्यूको अध्यक्षतामा मिति २०८२/०७/२५ गते बसेको बैठकबाट शहरी विकास मन्त्रालय, शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, बबरमहल काठमाडौंको च.नं. ७० मिति २८२/०७/०२ को पत्र बमोजिम यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नुवारडाँडामा रहेको करिव ३० रोपनी सार्वजनिक जग्गामा फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि जग्गा प्राप्त गर्न शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्रलाई प्रस्ताव पेश गर्न आवश्यक निर्णयका लागि यस कार्यपालिका सिफारिस भएको हुँदा कार्यदलबाट सिफारिस भए बमोजिम फोहोरमैला प्रशोधन केन्द्र निर्माण एवं जग्गा प्राप्तीका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

साथै, मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा भएको कानूनी व्यवस्था बमोजिम हाल फोहोरमैला व्यवस्थापन बापतको राजस्व संकलन नभइरहेको देखिएकोले मेलम्ची बजारबाट उत्खनन्/संकलन भएको फोहोर व्यवस्थापन बापतको राजस्व संकलन गर्ने र यस नगरपालिकाको मुख्य बजार क्षेत्र मेलम्ची बजारको सडक सरसफाई तथा बगैंचा व्यवस्थापनका लागि ११ नं. वडा कार्यालयबाट परिचालन हुने गरी आवश्यक दुई जना व्यक्ति दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ६४.७ : मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई उक्त प्रतिवेदनले औंल्याएका बेरुजुका सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरी जानकारी गराइयो। साथै, तोकिएको समयमा सम्परीक्षण सम्बन्धी कार्य अगाडि बढाउन नगरपालिका कार्यालय तथा सार्वजनिक लेखा समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६४.८ : मिति २५ नोभेम्बर, २०२५ देखि १० डिसेम्बर सन् २०२५ (२०८२ मंसिर ९ गते देखि ऐ. २४ गते) सम्म संचालन हुने लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु भव्य रुपमा संचालन गर्ने कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | कार्यक्रमको विवरण | जिम्मेवार निकाय | अवधि/समय |
|---|---|---|---|
| १ | साइबर क्राइम र प्रविधिका माध्यमबाट हुने हिंसाका सम्बन्धमा महिला, बालबालिका एवं सम्बन्धित पक्षलाई कानूनी साक्षरता कार्यक्रम | मेलम्ची नगरपालिकाको समन्वयमा महिला आत्म निर्भरता केन्द्र मार्फत संचालन हुने। | अभियानको पहिलो दिन |
| २ | विद्यालयस्तरमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रविधिका माध्यमबाट हुने हिंसाका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम | मेलम्ची नगरपालिका, सम्बन्धित विद्यालय | अभियानको अवधि भित्र |
| ३ | वडास्तरमा सम्बन्धित गैर सरकारी संस्थाहरुसंग समन्वय गरी लक्षित वर्गका कार्यक्रमहरु संचालन | वडा कार्यालय र सम्बन्धित संघ/संस्था | अभियानको अवधि भित्र |
| ४ | नगरस्तरीय महिला सञ्जाल गठन | मेलम्ची नगरपालिका | अभियानको अवधि भित्र |
| ५ | "प्रविधिको सही प्रयोग गरौं : लैङ्गिक हिंसा अन्त्य गरौं " भन्ने विषयमा टिकटक प्रतियोगिता संचालन। | मेलम्ची नगरपालिका | अभियानको अवधि भित्र |
| ६ | विद्यालयमा अध्ययनरत बाल बालबालिकाहरुलाई सेल्फ डिफेन्स सम्बन्धी जानकारी एवं अभिमुखीकरण कार्यक्रम | मेलम्ची नगरपालिका | अभियानको अवधि भित्र |
| ७ | अपाङ्गता दिवसको अवसरमा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको घरमानै पुगेर निशुल्क स्वास्थ्य परीक्षण गर्ने। | जनस्वास्थ्य शाखा, नगर अस्पताल र वडा स्थित स्वास्थ्य संस्थाहरु सबै। | अभियानको अवधि भित्र |

निर्णय नं. ६४.९ : मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा संक्षिप्त कर्मचारी संगठन तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक अध्ययन गरी १५ दिन भित्र प्रारम्भिक खाका निर्माण गरी पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सुशासन तथा क्षमता विकास समिति संयोजक - सदस्य
३. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
४. जनस्वास्थ्य शाखा प्रमुख - सदस्य
५. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ६४.१० : संघीय सशर्त बजेटबाट खर्च हुने गरी यस मेलम्ची नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयका बाल विकास देखि कक्षा तीन सम्मका बालबालिकाहरुको अपाङ्गता सम्बन्धी प्रारम्भिक पहिचान (Disability Screening) सम्बन्धी कार्य प्रारम्भ गर्नको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.११ : मेलम्ची नगरपालिका भित्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट आ.व. २०८२/०८३ मा मौज्दात रहेको र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरेको दुबै परिमाण जोडी हुन आउने ४५७३४७४१.७५ घ.फि. परिमाणमा प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर बाहेक रु. ३२,०१,४३,१९२।२५ (अक्षरुपी बत्तीस करोड एक लाख त्रिचालिस हजार एक सय बयानब्बे रुपैया पैसा पच्चिस मात्र) मा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि मिति २०८२/०७/०२ मा बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचनाको शर्तमा बोल कबोल गरिएको कूल अङ्कमा बोलपत्र सूचना प्रकाशित भएको मिति २०८२/०७/०२ देखि ठेक्का सम्झौता हुने समयसम्म यस कार्यालयबाट अमानतमा संकलन संकलन गरिएको राजस्व रकम घटाई बाँकी हुन आउने परिमाण र अङ्कमा ठेक्का सम्झौता गर्ने गरी सूचना संशोधन एवं ठेक्का व्यवस्थापनका लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.१२ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित अधिकारी फेन्सी स्टोरमा मिति २०८२/०७/०५ गते भएको आगलागीबाट फेन्सी स्टोरका सम्पूर्ण सामग्री एवं कागजातहरु जली नष्ट भएको हुँदा उक्त स्टोरलाई आवश्यक आर्थिक सहयोगका लागि यस नगरपालिका अन्तर्गत ११ नं.

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक

वडा कार्यालयको च.नं. ५७९ मिति २०८२/०७/२७ को पत्रबाट सिफारिस भई आएको हुँदा उक्त फेन्सी स्टोरलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.१३ : मेलम्ची नगरपालिका र अन्य पालिकाहरुबीच भएका असल अभ्यास आदान प्रदानका साथै सुमधुर तथा मैत्री सम्बन्ध कायम गर्न, नवीनतम शासकीय अभ्यास आदानप्रदान गर्नका लागि नेपाल भित्रका सबै प्रदेशमा कम्तिमा एक/एक वटा स्थानीय तहहरुसंग भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.१४ : आ.व. २०८२/०८३ मा लघु उद्यम विकास कार्यक्रम संचालनका लागि मेलम्ची नगरपालिका वडा नं. ७ र ८ लाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.१५ : राष्ट्रिय रोज़गार कार्यक्रम अन्तर्गतका कामका लागि पारिश्रमिक योजना कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालयबाट देहाय बमोजिमका योजनाहरु छनौट भई आएको हुँदा उक्त योजनाहरु कार्यान्वयनका लागि तपसिल बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | योजनाको नाम | सूचिकृत बेरोजगार | रोजगारी संख्या | विनियोजित रकम रु. | वडा कार्यालयबाट विनियोजित रकम रु. | कूल जम्मा बजेट रु. |
|---|---|---|---|---|---|---|
| १ | गोरेटो बाटो सुधार तथा सिंढी निर्माण, मेनपा १ | १०३ | ५ | ४२५००० | - | ४२५००० |
| २ | पत्थरपार्क बगैंचा निर्माण तथा गोरेटो बाटो निर्माण, मेनपा २ | ९८ | ६ | ४००००० | १००००० | ५००००० |
| ३ | गग्रुङथोक सिंढी बाटो निर्माण, मेनपा ३ | १३५ | ६ | ४५०००० | - | ४५०००० |
| ४ | थकनी सिंढी | ८९ | ५ | ४५०००० | - | ४५०००० |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण, मेनपा ४ | | | | | |
| ५ | कुनारा रोयले सिंढी निर्माण, मेनपा ५ | ९८ | ५ | ४२५००० | - | ४२५००० |
| ६ | पञ्चकन्या, सिग्देलगाउँ, चाँपाबोट मानेभञ्ज्याङ गोरेटो बाटो निर्माण, मेनपा ६ | १२५ | ७ | ४००००० | ३००००० | ७००००० |
| ७ | पोखरे कोइराला स्वारा सिंढी निर्माण, मेनपा ७ | ११८ | ५ | ४२५००० | - | ४२५००० |
| ८ | नागथान चाखले दोबाटो सिंढी निर्माण, मेनपा ८ | ९८ | ५ | ४२५००० | - | ४२५००० |
| ९ | लाँकुरीबोट - चाम्खु सिंढी निर्माण, मेनपा ९ | ८६ | ७ | ४००००० | १५०००० | ५५०००० |
| १० | जोगीडाँडा घडेरी हुँदै स्वास्थ्य चौकी सिंढी निर्माण, मेनपा १० | १२७ | ७ | ४००००० | १५०००० | ५५०००० |
| ११ | बलघरेटोल सिंढी निर्माण, मेनपा ११ | ११९ | ६ | ४५०००० | - | ४५०००० |
| १२ | भञ्ज्याङ देउराली सिंढी निर्माण, मेनपा | ८३ | ६ | ४५०००० | - | ४५०००० |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १२ | | | | | |
| १३ | फटकशिला सिंढी तथा अन्य संरचना निर्माण, मेनपा १३ | ४६ | ५ | ४००००० | २००००० | ६००००० |
| जम्मा | | १३२५ | ७५ | ५५००००० | ९००००० | ६४००००० |

निर्णय नं. ६४.१६ : मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले एकिकृत नमुना बस्तीमा रहेको श्री बजला देवी मन्दिरमा परापूर्वकाल देखि संचालन हुँदै आएको मञ्ची पुजाको अवसरमा आयोजना हुने डम्फु सेलो प्रतियोगिता, झाक्री नाँच प्रतियोगिता र विभिन्न संस्कार झल्कने खालका सांस्कृतिक एवं नृत्य प्रतियोगिता संचालनका लागि सम्बन्धित मन्दिर संरक्षण समितिले प्रस्तावना पत्र सहित निवेदन पेश गरेको हुँदा उक्त कार्यक्रम संचालनका लागि आन्तरिक श्रोतबाट खर्च हुने गरी रु. १ लाख र मेलम्ची नगरपालिका वडा नं. ५ स्थित सिद्देश्वरी त्रिवेणी सांस्कृति कार्यक्रम संचालनका लागि आन्तरिक श्रोतबाट खर्च हुने गरी रु. १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६४.१७ : मेलम्ची नगरपालिका क्षेत्रमा विगत लामो समय देखि नेपाल टेलिकमबाट स्थापना गरिएका संचार नेटवर्कमा समस्या उत्पन्न भई सरकारी एवं अन्य गैर सरकारी निकायहरुबाट प्रवाह हुने संचार सेवा एवं अन्य द्रुत संचार सेवा प्रवाहमा समस्या भएको जनगुनासो प्राप्त भएको छ । यस नगरपालिकाका साथै यस जिल्लाको हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, ईन्द्रावती गाउँपालिका लगायतका अन्य छिमेकी पालिकाहरुमा राष्ट्रिय परिचयपत्र वितरण कार्य भइरहेको र सोको सहज व्यवस्थापनको लागि राष्ट्रिय परिचयपत्र इकाई स्थापना गरी द्रुत संचार सेवा प्रदान गर्न र काभ्रेपलान्चोक जिल्ला स्थित सिपाघाट बजारसम्म विस्तार भएको फाइबरलाई मेलम्ची नगरपालिका स्थित मेलम्ची बजारसम्म विस्तार गर्न, मेलम्ची बजारमा नेपाल टेलिकमको नेटवर्कमा विद्युत नहुँदा समय समयमा आइरहने समस्या समाधान तथा मेलम्ची नगरपालिका वडा नं. ४ स्थित थकनी वरपरको क्षेत्रमा टावर व्यवस्थापन गरी वडा कार्यालय र अन्य सरकारी एवं गैरसरकारी निकायहरुबाट प्रभावकारी र सेवाग्राहीमैत्री संचार सेवाको विस्तार र व्यवस्थापनका लागि संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६४.१८ : मेलम्ची नगरपालिका वडा नं. १३ स्थित निर्माणाधिन अवस्थामा रहेको फट्केश्वर छापभञ्ज्याङ् सडक निर्माण र मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची तिपेनी सडक निर्माणको क्रममा सम्बन्धित ठेकेदार पक्षले अवरोध गरी दैनिक संचालन हुने सार्वजनिक यातायातका साधन, एम्बुलेन्स  र अन्य मालबहाक साधनहरु संचालनमा कठिनाई उत्पन्न भएको हुँदा उक्त सडक निर्वाध रुपमा सुचारु गरी नियमित रुपमा सार्वजनिक यातायात र मालबहाक सवारी साधन संचालनको व्यवस्था मिलाउन पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.१९ :  मेलम्ची नगरपालिकाबाट निर्माण गरिएका विभिन्न समिति अन्तर्गतका ऐन, कानून एवं कार्यविधि एकिकृत गरी आगामी नगर सभामा पेश गर्न सम्बन्धित विषयगत समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४.२० :  बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद्को मिति २०८२/०७/२० गते आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय तहसंगको लागत साझेदारीमा सिपमुलक तालिम (३९० घण्टा) संचालन गर्नको लागि सीपमुलक तालिम कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिम प्रदेश सरकारको ६० प्रतिशत र स्थानीय तहको ४० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने गरी सूचना आव्हान भएकोमा उक्त सूचना बमोजिम सयुक्त लागत साझेदारीमा सूचनामा उल्लिखित तालिम कार्यक्रमहरु मध्ये कम्प्युटर मर्मत तथा संभार र ग्रामीण कृषि कार्यकर्ता तालिम संचालनका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-०७-२७ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | Construction of bahunepati thakle Road | ४०४४४१७०।५९/- | | १२ | प्राविधिक विल अनुसार | टेण्डर | सडक चौडा, प्लम नाली निर्माण, ग्याबिन वाल निर्माण, मेशिनरी वाल निर्माण, ह्युम पाइप, With Catch Pith, RCC ढलान, ग्राभेल हाली रोलर सहित सडक स्तरोन्नती भएको । |
| २ | मेलम्ची कटुन्जे धुसेनी सडक | २०,००,०००/- | २,११,४९२।४१/- | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल, Humepipe, सडक सोलिङ र ग्राभेलको कार्य गरी वर्षाको समयमा पनि बाटो संचालन गरी सडक स्तोरोन्नती भएको |
| ३ | वडा नं. ६ र ७ जोड्ने तालामाराङ स्थित मेलम्ची खोलामा अस्थाई ह्यूमपाईप कल्भर्ट निर्माण | ७,८१,७७६।११/- | | वडा नं. ६ र ७ | प्राविधिक विल अनुसार | सोझौ खरिद | अस्थाई ह्यूमपाईप कल्भर्ट राख्नको लागि खोला गहिराई,खोलाको बहावलाई एकत्रित गरि ह्ययूमपाईप कल्भर्ट निर्माण कार्य गरि यातायातका सवारी साधन आवतजावत गर्ने कार्य भएको |
| ४ | Construction Work of Incomplete Dwarikatol Samudayik Bhawan, Gufa dada | ५४,०६,३५६।८/- | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | अधुरो सामुदायिक भवन निर्माण कार्य भएको |
| ५ | दशैं अगाडी वडाभरको बाटो सरसफाई | ६,००,०००/- | ६०,७०८।१८/- | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | वडाभरको बाटो सरसफाई तथा केहि स्थानमा ग्राभेल हाल्ने कार्य भएको। |
| ६ | वडाभित्रका ग्रामिण सडक मर्मत कार्य | ४,५०,०००/- | ५०,३१८।१७/- | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | वडाभरको बाटो सरसफाई तथा केहि स्थानमा ग्राभेल हाल्ने कार्य भएको। |
| ७ | मेलम्ची-खाल्डेखोला-सुनखानी-पिपलटार-राम्चे सडक आकास्मिक मर्मत संभार कार्य, मेनपा ९ | ८९५०००।– | - | ९ | प्राविधिक विल अनुसार | सोझौ खरिद | सडक मर्मत संभारको कार्य गरिएको |

२०८२/६/२६